देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

देवदह, रुपन्देही

रुपन्देही जिल्लाको देवदह नगरपालिकाका वडा नं ५, ६, ७, ९, १०, ११ र १२ क्षेत्रमा अवस्थित रोहिणी नदी, भलुही खोला, घोडाहा खोला, कजरार खोला, खहरे खोला, चरगें खोला र त्रिशुली खोला आदि क्षेत्रबाट ढुंगा, गिट्टी तथा वालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षणको लागि जारी

## सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७४/११/१८**

**१.प्रस्तावकको नामः** देवदह नगरपालिकाको कार्यालय, देवदह, रुपन्देही ।

**२.प्रस्तावको नाम :** रुपन्देही जिल्लाको देवदह नगरपालिकाको वडा नं ५, ६, ७, ९, १०, ११ र १२ लगायतका क्षेत्रहरुको खोला किनारमा जम्मा हुने ढुङ्गा, गिट्टी बालुवा तथा मिस्कट जस्ता नदीजन्य पदार्थको कारणले गर्दा नदीको सतह बढ्न गई हुनसक्ने बाढीजन्य खतराको न्युनीकरणको लागि उत्खनन् तथा संकलन कार्य ।

**३.प्रस्तावको व्यहोराः** वातावरण संरक्षण नियमावली,२०५४, अनुसुची १ (ई) खानी क्षेत्र शीर्षकको विषय नं. २(घ) बमोजिमको रुपन्देही जिल्ला देवदह नगरपालिकाको वडा नं ५, ६, ७, ९, १०, ११ र १२ लगायतका क्षेत्रहरुका निम्न लिखित खोला किनारमा जम्मा हुने ढुङ्गा, गिट्टी, बालुवा तथा मिस्कट आदि नदीजन्य पदार्थहरु उत्खनन तथा संकलनार्थ सो गर्ने प्रस्ताव कार्यान्वयन गर्नुपूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन गर्ने सिलसिलामा निम्न क्षेत्रसंग सम्बन्धित सवालहरुमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय, सुझाव एवं प्रतिक्रिया लिनुपर्ने भएकोले सोहि नियमावलीको नियम ४ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**उत्खनन तथा संकलन गरिने क्षेत्रको खण्ड, संकलन हुने परिमाण तथा सम्भावित प्रभाव पर्न सक्ने क्षेत्रहरु**

| सि.नं. | उत्खनन तथा संकलन गरिने स्थान र नदीको खण्ड | अनुमानित परिमाण | सम्भावित प्रभाव पर्न सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| १ | घोडाहा खोला | दैनिक २५० घ.मि. | देवदह न.पा.वडा नं.६,७,८,९ का केहि क्षेत्रहरु । |
| २ | रोहिणी नदी | दैनिक २५० घ.मि. | देवदह न.पा. वडा नं.९,११,१२ का केहि क्षेत्रहरु । |
| ३ | भलुही खोला | दैनिक २५० घ.मि. | देवदह न.पा. वडा नं.९ का केहि क्षेत्रहरु । |
| ४ | चरङ्गे खोला | दैनिक २५० घ.मि. | वडा नं. १० को बिच खोला त्रिसुली खोला ठाडो खोला |
| ५ | कजरार खोला | दैनिक २५० घ.मि. | देवदह न.पा.र सुनवल न.पा.का केहि क्षेत्रहरु । |

वातावरणीय संरक्षण नियमावली, २०५४ को अनुसूची १ बमोजिम यस नगरपालिकाका उल्लेखित खोलाहरूमा नदिजन्य पदार्थ उत्खनन् गर्नु अघि आयोजनाले प्रभाव पार्ने क्षेत्रहरु, १. भौतिक वातावरण,२. जैविक वातावरण, ३. सामाजिक, आर्थिक तथा सास्कृतिक वातावरण, ४.मानवीय क्रियाकलाप र यिनका अवयवहरू तथा ती अवयवहरू बीच अन्तरक्रिया तथा अन्तरसम्वन्धमा पर्ने प्रभावका सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी जिल्ला समन्वय समिति, रुपन्देहिबाट स्वीकृत गराउनुपर्ने हुन्छ । उक्त अध्ययनको सिलसिलामा प्रभावित क्षेत्रका सरोकारवाला व्यक्ति वा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी लगायतका संस्थाको लिखित राय सुझाव वा प्रतिक्रियाको लागि सोही नियमावलीको नियम ४ अनुसार यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ । सो राय सुझावको प्रतिलिपि जिल्ला समन्वय समिति, रुपन्देहिमा समेत दिन सकिनेछ ।

**राय सुझाव पठाउने ठेगाना :**

| | | |
|---|---|---|
| देवदह नगरपालिकाको कार्यालय, देवदह, रुपन्देही, फोन ०७१–५७७३०३/५७७२९२<br>**Email:**devdahamun@gmail.com | **परामर्श सेवाको तर्फबाटः**<br>ब्राइट फ्युचर इन्टरनेसनल प्रा. लि.काठमाडौं, फोन नं. ०१ ४१०२८७५/९८५१०९७३३०<br>**E-mail:**bf.international2012@gmail.com | **सम्बन्धित निकाय**<br>जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहि<br>फोन नं. ७१५२०३०३<br>०७१५२३२१४ ०७१५२१४२३ |